# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

KTM, CDO Regd. No. 07/043/44

Founded: 20 Falgun 2007(4th March 1951)

(Mutually affiliated with
Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)



**EXECUTIVE COMMITTEE**
**( 2020 - 2023 )**

**President:**
Dr. Lochan Karki
**Immediate Past President:**
Dr. Mukti Ram Shrestha
**Senior Vice President:**
Dr. Shiva Prasad Shrestha
**Vice President:**
Dr. Anil Bikram Karki
**General Secretary:**
Dr. Badri Rijal
**Treasurer:**
Dr. Prakash Budhathoky
**Joint Secretary:**
Dr. Niraj Kumar Singh
**Joint Treasurer:**
Dr. Bishwa Raj Dawadi

**Members:**
Dr. Bipesh Acharya
Dr. Leison Maharjan
Dr. Nanda Kumari Gurung
Dr. Pramod Joshi
Dr. Ritesh Thapa
Dr. Sanjeeb Tiwari
**Editor-in-Chief:**
Dr. Angel Magar


*पत्र संख्या : २०७७नेचिसं च.नं. ..*
मिति: २०७७ आश्विन १६ गते

**श्रीमान् सचिवज्यू**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**रामशाहपथ, काठमाडौं ।**

**बिषय: ज्ञापन पत्र सम्बन्धमा ।**

**श्रीमान् सचिवज्यू,**

कोभिड-१९ को महामारीका कारण नेपालमा हालसम्म ७९७२८ जना संक्रमित भई सकेको र ५०९ जनाले असामयिक मृत्यु वरण गर्न परेको व्यहोरा श्रीमान सचिवज्यूलाई अवगत नै छ । प्रथम लाइनमा रही स्वास्थ्य सेवा प्रवाहमा समर्पित भई रहेका स्वास्थ्यकर्मी तथा चिकित्सकहरु संक्रमित हुने क्रम तिब्र गतिमा वृद्धि हुँदै गईरहेको छ । हाल आएर स्वास्थ्य सेवा प्रवाहमा खटिएका चिकित्सकको मृत्यु हुने क्रमको शुरुवात समेत भएकोमा नेपाल चिकित्सक संघ स्तब्ध भएको छ ।

त्यसैले निम्न लखित समस्याहरुको यथासिघ्र समाधानका लागि यस संघ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको गम्भिर ध्यानाकर्षण गराउँन चाहन्छ ।

**तपसिलका समस्याहरु**

१) काठमाडौं उपत्यका बाहिरका संक्रमित चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सिघ्र उपचारका लागि काठमाडौंमा ल्याउनको निमित्त आकस्मिक हेलिकप्टरको व्यवस्थापन गर्नु पर्ने ।

२) चिकित्सक तथा स्वास्थ्यकर्मीहरु संक्रमित भएको खण्डमा नीजहरुको उपचार खर्च लगायतको सम्पूर्ण व्यवस्थापनको जिम्मा नेपाल सरकारले नै लिनुपर्ने ।

३) नेपाल मेडिकल काउन्सिलको निर्देशिकामा उल्लेख भएका अत्यावश्यक औषधीहरु जस्तै Injection Remedesivir, लगायतका कोभिड उपचारमा आवश्यक पर्ने भेन्टिलेटर, अक्सिजन, आइसियू बेडहरु र जनरल बेडहरुको संख्या बृद्धि गर्नु पर्ने ।

४) विश्व स्वास्थ्य संगठनले सिफारिस गरे बमोजिम देशभरका स्वास्थ्य संस्थाहरुमा संक्रमण व्यवस्थापन सम्बन्धी ठोस प्रभावकारी रणनीति तर्जुमा गरी अनिवार्य कार्यान्वयन गर्नु पर्ने ।

५) युद्धमा होमिएका स्वास्थ्यकर्मी तथा चिकित्सकहरुको मनोबल उच्च पार्नका लागि सुरक्षाका सामग्रीहरुको सहज उपलब्धता गराउनु पर्ने ।

६) कोभिड उपचारको क्रममा संक्रमित भएका चिकित्सकहरुको आवश्यक उपचारको व्यवस्थापनका लागि मन्त्रालयमा छुट्टै शाखाको व्यवस्था हुनु पर्ने ।


Phone No. +977-1-4225860, 4231825 ,Fax No. +977-1-4225300, Email: nma@nma.org.np, Web: www.nma.org.np

# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

**Founded: 20 Falgun 2007(4th March 1951)**

KTM, CDO Regd. No. 07/043/44

(Mutually affiliated with Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

**CENTRAL OFFICE:**
**Siddhi Sadan, Post Box: 189**
**Exhibition Road, Kathmandu**
**Nepal (Asia)**



**EXECUTIVE COMMITTEE**
**( 2020 - 2023 )**

**President:**
Dr. Lochan Karki
**Immediate Past President:**
Dr. Mukti Ram Shrestha
**Senior Vice President:**
Dr. Shiva Prasad Shrestha
**Vice President:**
Dr. Anil Bikram Karki
**General Secretary:**
Dr. Badri Rijal
**Treasurer:**
Dr. Prakash Budhathoky
**Joint Secretary:**
Dr. Niraj Kumar Singh
**Joint Treasurer:**
Dr. Bishwa Raj Dawadi

**Members:**
Dr. Bipesh Acharya
Dr. Leison Maharjan
Dr. Nanda Kumari Gurung
Dr. Pramod Joshi
Dr. Ritesh Thapa
Dr. Sanjeeb Tiwari
**Editor-in-Chief:**
Dr. Angel Magar


७) कोभिड-१९ को संक्रमणको उपचारमा संलग्न चिकित्सकहरु स्वयं संक्रमित भई मृत्यु भएमा रु. १ करोड सम्मको बीमा रकम भुक्तानीको सुनिश्चिता प्रदान गर्नु पर्ने ।

८) स्वास्थ्य संस्थामा सामान्य बिरामीहरुको समेत भिडभाड बढदै गएकोले स्वास्थ्य संस्थामा हुने भीडलाई कम गर्नका लागि पूर्व निर्धारित समय लिने व्यवस्थालाई कडाईका साथ लागू गर्नु पर्ने,

९) स्वास्थ्यकर्मीलाई आईसीयू र भेन्टिलेटर संचालन गर्न सक्ने गरी तालिमको व्यवस्था गर्ने तथा समुदायमा कोभिड रोकथाम सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

माथि उल्लेखित बुँदाहरुको अबिलम्ब कार्यान्वयन गरी कोभिड-१९ को महामारीमा आफ्नो ज्यानको जोखिम मोल्दै स्वास्थ्य सेवा प्रवाहमा होमिएका चिकित्सकहरुको मनोबल उच्च पार्न नेपाल चिकित्सक संघ श्रीमान् सचिवज्यू समक्ष हार्दिक आग्रह गर्दछ ।

भवदीय,

डा. बद्री रिजाल
महासचिव

डा. लोचन कार्की
अध्यक्ष


Phone No. +977-1-4225860, 4231825 ,Fax No. +977-1-4225300, Email: nma@nma.org.np, Web: www.nma.org.np